नौमुले गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौमुले, दैलेख
कर्णाली प्रदेश, नेपाल

प.सं.: २०७८/०७९
च.नं.:

व्यसायिक आयोजनामा आधारित सहकारी तथा महिला समूहलाई उद्यमशिलता विकासका लागि अनुदान प्रदान सम्बन्धी

(प्रथम पटक प्रकाशित सूचना मिति २०७८/११/०१)

उपरोक्त सम्बन्धमा बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत यस नौमुले गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नागरिक सचेतना केन्द्र, आमा समूह, कृषि विकास, पशु सेवा, घरेलु विकासको समन्वय र सहजीकरणमा संचालनमा रहेका महिला समूहहरुका लागि तपशील बमोजिमका शर्तहरुको अधिनमा रही व्यवसायिक योजनामा आधारित सहकारी तथा महिला समूहलाई उद्यमशिता विकासका लागि अनुदान प्रदान गर्न १५ दिन (मिति २०७८/११/१५ गते) भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट समेत) कार्यालय समयमा प्रास्तवना पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

- यस गाउँपालिका भित्र क्रियाशिल सहकारी तथा समूह मध्ये सुनौला हजार दिनका घरपरिवार भएको हुनुपर्ने,
- उत्पादन भएका वस्तुहरुको उपयोग र परिवार तहकै जनशक्ति प्रयोग गरी व्यवसाय संचालन गर्नु पर्ने,
- व्यवसाय संचालनको प्रतिवद्धता पत्र,
- महिला सहकारीको हकमा प्रचलित कानून बमोजिम दर्ता भई यस गाउँपालिका भित्र कार्यक्षेत्र भएको र महिला समूहको हकमा यस गाउँपालिकामा दर्ता भएको हुनु पर्नेछ ।
- यस सूचनामा उल्लेख भएको सोही बमोजिम र सूचनामा उल्लेख नभएकोमा बहुक्षेत्रिय पोषण कार्यक्रम निर्देशिका तथा प्रचलित कानून बमोजिम हुनेछ ।

आवश्यक कागजातहरु:

- सम्बन्धित वडामा क्रियाशिल रहेको भनि वडा कार्यालयको सिफारीस पत्र,
- सहकारीको दर्ता प्रमाण-पत्र तथा वार्षिक लेखा परीक्षणको प्रतिवेदनको प्रतिलिपि,
- समूहको हकमा यस गाउँपालिकामा दर्ता तथा नविकरण भएको प्रमण-पत्रको प्रतिलिपि,
- सहकारी तथा समूहको संचालन समितिको निर्णयको प्रतिलिपि,
- सहकारी तथा समूहमा आवद्ध सदस्यहरु मध्ये सुनौला हजार दिनका बालबालिकाहरुको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि तथा आमाहरुको नागरिकताको प्रतिलिपि ।

..........................
(रेशम बहादुर बुढा)
प्रमुख प्रशासकीय अधिकृत

*नोटः थप जानकारीका लागि यस नौमूले गाउँपालिकाको कार्यालय तथा मोबाइल नं. ९८४८१६४४८५ मा सम्पर्क गर्न सकिनेछ ।*


website: naumulemun.gov.np Email: naumulegapa@gmail.com
अध्यक्षः ९८०२५४५८५०, उपाध्यक्षः ९८०२५४५८६०, प्रशासनः ९८०२५४५८७५, लेखाः ९८०२५४५८७१